# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय
## महेन्द्रनगर, कञ्चनपुर

# एम. फिल. कार्यक्रम सञ्चालन कार्यविधी
## २०७७

२०७७ श्रावण

# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

## एम. फिल. कार्यक्रम सञ्चालन कार्यविधी

## २०७७

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय कार्यकारी परिषद्द्वरा प्रमाणिकरण मिति २०७७/०४/०७

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६८ (संशोधन सहित) को परिच्छेद १२ नियम १०२(१) अन्तर्गत रही विभिन्न संकाय अन्तर्गत एम. फिल. उपाधिका लागि सञ्चालन गरिने कार्यक्रमको कार्यविधी २०७७ तयार पारिएको छ ।

**परिच्छेद-१**

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधीको नाम "एम. फिल. (M. Phil.) कार्यक्रम सञ्चालन कार्यविधी, २०७७" रहेको छ ।

(ख) यो कार्यविधी सुदूरपश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गत सञ्चालन गरिने "एम. फिल. (M. Phil.)" कार्यक्रमका लागि हुनेछ ।

(ग) यो कार्यविधी सुदूरपश्चिमाञ्चल विश्वविद्यालय प्राज्ञिक परिषद् र कार्यकारी परिषद्बाट स्वीकृत भएपछि लागु हुनेछ ।

**१.२ परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) "विश्वविद्यालय" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालय बुझ्नु पर्दछ।

(ख) "प्राज्ञिक परिषद्" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको प्राज्ञिक परिषद्लाई बुझाउने छ ।

(ग) "संकाय" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका संकाय भन्ने बुझिने छ ।

(घ) "विद्या परिषद्" भन्नाले संकाय अन्तर्गतको विद्या परिषद् (Faculty Board) लाई बुझाउने छ ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्लाई बुझाउने छ ।

(च) "डीन" भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको संकायको डीन भनी बुझ्नु पर्नेछ ।

(छ) "सदस्य" भन्नाले संकायको अनुसंधान समितिको सदस्य सम्झनु पर्दछ ।

(ज) "शैक्षिक संस्था" भन्नाले मान्यता प्राप्त विश्वविद्यालय र विश्वविद्यालय सरह शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठान र क्याम्पस एवं ती अन्तर्गतका संकाय, स्कूल, शिक्षण समिति बुझ्नु पर्दछ ।

(झ) "विभाग" भन्नाले सम्बन्धित विषयको विभाग बुझ्नु पर्दछ ।

(ञ) “अनुसन्धान समिति” (Research Committee) भन्नाले सुदूरपश्चिमाञ्चल विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६८ (संशोधन सहित) को परिच्छेद २६ नियम १५४ को (छ) मा उल्लेखित “अनुसन्धान समिति” भन्ने बुझ्नु पर्दछ ।

(ट) “पाठ्यक्रम” भन्नाले एम. फिल. को उम्मेदवारले आफ्नो अनुसन्धान प्रतिवेदन तयार गर्न अनुसन्धान शुरू गर्नु भन्दा अघि पूरा गर्नु पर्ने पाठ्यक्रम बुझ्नु पर्दछ ।

(ठ) “प्रवेश परीक्षा” भन्नाले एम. फिल. कार्यक्रममा भर्ना हुनका लागि डीन कार्यालयको सहमतिमा सम्बन्धित विभागले लिने परीक्षा बुझ्नु पर्दछ ।

(ड) “सेमेष्टर” (Semester) भन्नाले सामान्यतया १ क्रेडिटको प्रतिहप्ता १ घण्टाको कक्षा हुने गरि १५ हप्तासम्म कक्षा सञ्चालन हुने ब्यवस्था एवं समयावधिलाई सम्झनु पर्दछ ।

(ढ) “क्रेडिट घन्टा” (Credit Hour) भन्नाले सामान्यतया सेमेष्टर प्रणाली अन्तर्गत प्रति हप्ता एक घन्टा शिक्षण सहित सम्बन्धीत विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाले तोकेको प्रायोगिक कार्य, पठन कार्य समेत भएको पाठ्यभार बुझ्नु पर्दछ । यसले उच्चशिक्षा योग्यता प्रारूप (Higher Education Qualification Framework) मा उल्लेख भए वमोजिम क्रेडिट घन्टालाई पनि बुझाउने छ ।

(ण) “जीपिए” (GPA : Grade point Average) भन्नाले ग्रेडिङ्ग परीक्षा प्रणाली अंगालेका उच्च शैक्षिक संस्थाबाट प्रदत्त लब्धाङ्क पत्रमा उल्लेखित श्रेणी बुझ्नु पर्दछ ।

(त) “सिजीपिए” (CGPA : Cumulative Grade Point Average) भन्नाले ग्रेडिङ्ग प्रणाली अंगालेका उच्च शैक्षिक संस्थाबाट प्रदत्त लब्धाङ्क पत्रमा उल्लेखित कुल ग्रेड (Cumulative Grade) बुझ्नु पर्दछ ।

(थ) “श्रेणी” (Division) भन्नाले अंक दिने परीक्षा प्रणाली अपनाएका उच्चशिक्षा संस्थाबाट प्रदत्त लब्धाङ्क पत्रमा उल्लेखित श्रेणी बुझ्नु पर्दछ ।

(द) “शोधार्थी” (Research Scholar) भन्नाले संकायद्वारा सञ्चालित एम. फिल. कार्यक्रममा भर्ना भइ नाम दर्ता गराइ सकेका शोधार्थीलाई जनाउँछ ।

(ध) “अनुसन्धान लेख” (Research Article) भन्नाले संकाय अनुसन्धान समिति, विश्वविद्यालय अनुदान आयोगले मान्यता दिएको समकक्ष समीक्षित (Peer-Reviewed) अनुसन्धानमूलक प्राज्ञिक जर्नलमा प्रकाशित शोधलेख भन्ने बुझ्नु पर्दछ ।

(न) “सूचीकृत जर्नल” (Indexed Journal) भन्नाले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सूचीमा रहेका जर्नल बुझ्नु पर्दछ ।

(प) “शोध प्रबन्ध” (Thesis/ Dissertation) भन्नाले एम. फिल. उपाधिको लागि तयार गरिने शोध प्रवन्ध भन्ने बुझ्नु पर्दछ ।

(फ) "मूल्याङ्कन समिति" (Evaluation Committee) भन्नाले एम. फिल. उपाधिको लागि शोधार्थीले प्रस्तुत गरेको शोध प्रवन्ध प्रस्तुतिका लागि योग्य छ भनी मूल्याङ्कन गर्न विभागले बनाएको दुई सदस्यीय समितिलाई बुझ्नु पर्दछ ।

(ब) "मौखिक परीक्षा" (Viva Voce) भन्नाले मूल्याङ्कन समितिले शोध प्रबन्धको परीक्षण गरी प्रतिवेदन बुझाइ सकेपछि शोधार्थीले खुल्ला रूपमा प्रतिरक्षा (Defence) गर्नका लागि विभागले मुल्याङ्कन गर्न व्यवस्था गरेको मौखिक प्रस्तुति बुझ्नु पर्दछ ।

(भ) "शुल्क" भन्नाले सुविधा दिए वापत लाग्ने शुल्क बुझ्नु पर्दछ ।

(म) "विशेष शुल्क" भन्नाले विशेष सुविधा दिए वापत लाग्ने शुल्क बुझ्नु पर्दछ ।

(य) "दर्शनाचार्य" भन्नाले एम. फिल. को उपाधि जनाउने छ।

(र) "शैक्षिक पात्रो" (Academic Calendar) भन्नाले विश्वविद्यालयले तोकेको शैक्षिक पात्रो भन्ने बुझिन्छ ।

(ल) "शोध निर्देशक" भन्नाले संकायद्वारा सञ्चालित एम. फिल. कार्यक्रममा शोधार्थीका लागि तोकिएको निर्देशक लाई जनाउँछ ।

(व) "संयोजक" (Coordinator) भन्नाले एम. फिल. कार्यक्रम सञ्चालनका लागि उक्त कार्यक्रमको व्यवस्थापकीय जिम्मेवारी वहन गर्न डीनद्वारा नियुक्त व्यक्ति सम्झनु पर्दछ ।

(श) "प्राज्ञिक प्रत्यायन पत्र" (Academic Transcript) भन्नाले उच्च शैक्षिक संस्थाबाट प्रदत्त सम्पूर्ण सेमेष्टरका विषयहरूका प्राप्ताङ्क समावेश गरिएको प्रमाण पत्र बुझ्नु पर्दछ ।

# परिच्छेद २

## सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको एम. फिल. कार्यक्रम र कक्षा सञ्चालन प्रक्रिया

### (१) कार्यक्रमको स्वरूप

(क) सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको एम. फिल. कार्यक्रम ३ सत्र (Semester) को हुनेछ । पाठ्यक्रमको भार शोध प्रवन्ध सहित ३० क्रेडिट घण्टा (Credit Hour) को हुनेछ । जसमा १२+१२ क्रेडिट गरि दुई सत्रमा पाठ्यक्रमको अध्यापन हुनेछ । तेश्रो सत्रमा शोध प्रवन्ध लेखन कार्य हुनेछ । शोध प्रवन्धको भार ६ क्रेडिट बराबर हुनेछ ।

(ख) एम. फिल. को पाठ्य कार्य (Coursework) पूरा गरि सके पछि शोधार्थीले ६ क्रेडिटको शोध प्रवन्ध लेखी एम. फिल. को अन्तिम उपाधि लिन सक्ने छन् वा पाठ्य कार्य पुरा गरेर पिएच. डी. कार्यक्रममा रजिष्ट्रेशन गर्न सक्नेछन् ।

(ग) माथि उल्लेखित नियमानुसार सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको एम. फिल. कार्यक्रम उपाधि सहितको दर्शनाचार्य (Master of Philosophy (M. Phil.) with terminating degree) वा विद्यावारिधी उपाधि उन्मुख एम. फिल. (M. Phil. leading to Ph. D.) हुनेछ ।

(घ) उपाधि सहितको एम. फिल. कार्यक्रममा शोधार्थीले दुई सत्रमा २४ क्रेडिटको पाठ्यभार पुरा गरी तेश्रो सत्रमा ६ क्रेडिटको शोध प्रवन्ध (Thesis/Dissertation) लेखी प्रतिरक्षा गरिसके पछि एम. फिल. उपाधि दिइने छ। तर दुई सत्रको पाठ्यभार पुरा गरि शोध प्रवन्ध नलेखी विद्यावारिधी तिर जान चाहेमा निजले एम. फिल. को लागि पुरा गरेको कक्षाभारको गणना पाठ्यक्रममा आधारित विद्यावारिधीको लागि मान्य हुनेछ । शोधार्थीले भर्ना कै समयमा एम. फिल. अथवा पिएच. डी. मध्ये कुनै एउटा उपाधिको लागि भर्ना लिने भन्ने निर्णय गर्न सक्नेछ,

(ङ) एम. फिल. को पाठ्यक्रममा अनिवार्य रूपमा Academic Writing र Research Methodology सम्बन्धि दुइटा पाठ्य वस्तुहरू समावेश गरिने छन् । अन्य विषयहरू विशिष्टीकरण अनुशासनीय अध्ययन (Specialized Disciplinary Scholarship) तिर उन्मुख हुने छन् ।

(च) उपाधि सहितको दर्शनाचार्य गर्न खोज्ने शोधार्थीले दोश्रो सत्रको अन्तिम परीक्षा सकिएको १ महीना भित्र विभागमा शोध प्रवन्ध प्रस्ताव (Thesis Proposal) बुझाई सक्नु पर्नेछ ।

(छ) शोध प्रवन्ध लेख्ने शोधार्थीले दोश्रो सत्रको अन्तिम परीक्षा सकिए पछि ६ महीना भित्र शोध प्रवन्ध लेखी सक्नु पर्नेछ । सो गर्न नसकेको खण्डमा शोधार्थीले तोकिएको नवीकरण शुल्क तिर्नु पर्नेछ ।

(ज) एम. फिल. अध्ययन गर्ने शोधार्थी प्रथम वा दोश्रो सत्रको परीक्षामा असफल भएमा पुनः परीक्षा दिन पाउने छन् । असफल भएको कुनै विषयको परीक्षा अन्तिम परीक्षाको ३ महीना भित्र गरिनेछ ।

(झ) एम. फिल. को प्रत्येक सत्रको परीक्षाको व्यवस्थापन सम्बन्धित संकायको डीन कार्यालयको निगरानीमा सम्बन्धित विभागले गर्नेछ । तर विभिन्न संकाय अन्तर्गत एम. फिल. सञ्चालन भै रहेको अवस्थामा सबैले एउटै शैक्षिक पात्रो (Academic Calendar) अनुशरण गर्नु पर्नेछ ।

(ञ) "दर्शनाचार्य" को पाठ्यक्रम निर्माण सम्बन्धित विषय समितिको समन्वयमा सम्बन्धित विषय विज्ञहरूले गर्ने छन् र सो पाठ्यक्रम विद्या परिषद् र प्राज्ञिक परिषद्को स्वीकृति पश्चात् लागू हुनेछ ।

(ट) दर्शनाचार्यको शोध प्रवन्धमा सहयोग गर्न एउटा शोध निर्देशक, एउटा सहायक शोध निर्देशक राखिनेछ । शोधार्थीले आफ्नो निर्देशकको निगरानीमा शोधकार्य गर्नेछन ।

(ठ) शोधार्थीले एम. फिल. को शोध प्रवन्ध बुझाई सकेपछि सो विभागको विभागीय प्रमुख वा संयोजकले एक जना वाह्य परीक्षक तोक्नेछ । वाह्य परीक्षकले १५ दिन भित्र परीक्षण प्रतिवेदन बुझाउनु पर्नेछ ।

(ड) परीक्षण प्रतिवेदन प्राप्त भएको ५ दिन भित्र विभागले शोधार्थीको मौखिक परीक्षा (Viva Voce) तोक्नु पर्नेछ । सो परीक्षामा विभागीय प्रमुख, एम. फिल. संयोजक, शोध निर्देशक, सहायक शोध निर्देशक, वाह्य परीक्षक र डीन वा निजको प्रतिनिधीको रोहवरमा मौखिक परीक्षा लिई शोधार्थीको मूल्याङ्कन हुनेछ ।

(ढ) शोध प्रवन्ध मूल्याङ्कन गर्दा शोध निर्देशक र वाह्य परीक्षकले छुट्टाछुट्टै फाराम भरी मूल्याङ्कन गर्नु पर्नेछ । मूल्याङ्कनको ढांचा अनुसुची- १ मा भए अनुसार हुनेछ।

(ण) मौखिक परीक्षा प्रतिरक्षामा उठेका टिका टिप्पणीहरू समावेश गरी वाह्य परीक्षकले ठीक छ भनी हस्ताक्षर गरी सकेपछि मात्र शोधकार्य पुरा भएको मानिने छ । शोधार्थीले विभागमा शोध प्रवन्धको प्रतिरक्षा गरि सकेपछि अर्को दिन अनिवार्य रूपमा खुल्ला प्रतिरक्षा गर्नु पर्नेछ । सो को आयोजना विभागले गर्नेछ र त्यसमा ईच्छुक प्राज्ञहरूको उपस्थिति हुन सक्नेछ ।

(त) शोधार्थीले दुवै सत्रको अन्तिम परीक्षा उत्तीर्ण गरी शोध प्रवन्धको कार्य पनि समापन गरी सकेपछि डीन कार्यालयले परीक्षा नियन्त्रण कार्यालयलाई शोधार्थीको प्राज्ञिक प्रत्यायनपत्र (Academic Transcript) उपलब्ध गराउन निजको अभिलेख सहित सिफारीश गर्नेछ ।

**(२) एम. फिल. भर्ना एवं कक्षा सञ्चालन प्रक्रिया**

(क) एम. फिल. कार्यक्रममा वर्षमा कम्तिमा एक पटक विश्वविद्यालयको प्राज्ञिक पात्रो (Academic Calendar) अनुसार डीन कार्यालयहरूले संयुक्त रूपमा भर्नाका लागि आवेदन आह्वान गर्ने छन् ।

(ख) डीन कार्यालयको एम. फिल. भर्नाको विज्ञापन पछि शोधार्थीहरूले सम्बन्धित विभागमा आफुले प्राप्त गरेको शैक्षिक उपाधिका प्रमाणपत्र समावेश गरि आवेदन दिनु पर्नेछ ।

(ग) एम. फिल. मा आवेदनको लागि सम्बन्धित विषयको स्नातकोत्तर तहमा द्वितीय श्रेणी वा जिपिए ३.० प्राप्त गरेको हुनु पर्नेछ ।

(घ) प्रत्येक विषयको एम. फिल. तहमा ३० जना शोधार्थी मात्र भर्ना लिइनेछ । तर १० जना भन्दा कम शोधार्थी भएमा कार्यक्रम सञ्चालन गरने छैन ।

(ङ) एम. फिल. भर्नाको लागि आवेदकहरूको प्रवेश परीक्षा लिइनेछ । प्रवेश परीक्षामा उत्तीर्ण भएकाहरू मध्येबाट सिट संख्या अनुरूप वरीयताक्रमका आधारमा शोधार्थी भर्ना गरिनेछ ।

(च) शिक्षण मूलत प्रत्यक्ष (Face to face) कक्षाको रूपमा हुनेछ । मानवश्रोतको अभाव भएको विषयमा विज्ञहरूलाई Online आमन्त्रण गरि Real time audio वा Audio-video class को ब्यवस्थापन गर्न सकिनेछ ।

(छ) शोधार्थीहरू एम. फिल. को दुवै सत्र (Semester) मा कम्तीमा ७५% हाजिर भएको हुनु पर्नेछ ।

(ज) एम. फिल. को दुवै सत्रमा शोधार्थीले कुनै विषय प्राध्यापन गर्ने प्राध्यापकले तोकेका आन्तरिक मूल्याङ्कनका प्रक्रिया (Portfolio राख्ने, प्रस्तुती गर्ने, Quiz को उत्तर दिन कक्षामा सहभागिता जनाउने, छलफल गर्ने, हाजिर हुने, रिपोर्ट तथा Case study तयार पार्ने र टर्म पेपर लेख्ने कार्य) पुरा नगरेको खण्डमा निजलाई अन्तिम परीक्षाको लागि अयोग्य (Non-qualified) मानिनेछ र निजले सो विषयमा अन्तिम परीक्षा दिन पाउने छैन । अयोग्य हुने अवस्था सिर्जना हुने देखिएमा शोधार्थीलाई अग्रिम चेतावनी दिई कार्यक्रम परित्याग गर्न लगाइने छ ।

(झ) यदि अयोग्य हुने अवस्थाको सृजना कुनै आपतकालीन वा अवश्यम्भावी (परिवारका सदस्यको मृत्यु, दुर्घटना जस्तो) कारणले हुने अवस्था आएको खण्डमा शोधार्थीलाई अपील (Appeal) गर्ने मौका दिइने छ र त्यसको छिनोफानो डीन, विभागीय प्रमुख, एम. फिल. संयोजक रहेको कमिटीले गर्नेछ ।

(ञ) शोधार्थीले पालन गर्नुपर्ने नियम र नीति सम्बन्धी लिखित जानकारी एम. फिल. को प्रथम सत्रको अभिमुखीकरण कार्यक्रममा नै दिइने छ ।

**(३) मूल्याङ्कन पद्धति**

(क) एम. फिल. को शोधार्थीको मूल्याङ्कनमा आन्तरिक र वाह्य परीक्षा (अन्तिम परीक्षा) गरी दुईवटा प्रक्रिया अपनाइने छन् । आन्तरिक मूल्याङ्कनको भार ४०% र वाह्य परीक्षा (अन्तिम परीक्षा) को भार ६०% रहनेछ ।

(ख) एम. फिल. परीक्षामा ग्रेडिङ्ग प्रणाली अपनाइने छ र ग्रेडिङ्ग विश्वविद्यालयले अपनाएको पद्धति अनुसार हुनेछ ।

(ग) ग्रेड गर्दा ४.० विन्दुको स्केल (On a scale 4.0 points) गरिनेछ । ४.० लाई उच्चतम् विन्दु मानिनेछ र ३.० भन्दा कमको स्केलमा ग्रेड ल्याउने शोधार्थीलाई उपाधिको लागि योग्य मानिने छैन ।

(घ) कुनै शोधार्थीले ग्रेड स्केल ३.० प्राप्त गर्न नसक्ने आंकलन गरेमा प्रथम सत्रमा ३.० भन्दा तल्लो स्तरको ग्रेड आएको कुनै एउटा विषयमा ग्रेड मेकअप गर्न मौका दिइने छ । त्यस्तो मौका एक पटकको लागि मात्र हुनेछ ।

(ङ) आन्तरिक परीक्षाको स्वरूप र प्रक्रिया शिक्षण गर्ने प्राध्यापकले निर्धारण गरे अनुरूप हुनेछ । तर, शोधार्थीलाई प्राध्यापकले गरेको मूल्याङ्कनमा चित्त नबुझेमा परिच्छेद २ को नियम २ को (झ) अनुसार उचित कारण र प्रमाण देखाई अपील गर्न पाउने छन् ।

(च) वाह्य परीक्षा (अन्तिम परीक्षा) को सञ्चालन विभाग र एम. फिल. संयोजकको संयोजनमा डीन कार्यालयले गर्नेछ ।

(छ) अन्तिम परीक्षाको परिणाम डीन कार्यालयले परीक्षा सकिएको २१औं दिनमा गर्नेछ ।

## परिच्छेद ३

### एम. फिल. कार्यक्रम चलाउन चाहिने संस्थागत योग्यता

(क) एम. फिल. को कार्यक्रम चलाउन चाहने विभागले ५ वर्षसम्म स्नातकोत्तर कार्यक्रम चलाएको अनुभव प्राप्त गरेको हुनु पर्नेछ । स्नातकोत्तर कक्षा सञ्चालन नभएको विषयमा एम. फिल. कार्यक्रम सञ्चालन गरिने छैन ।

(ख) एम. फिल. को कार्यक्रम सञ्चालन गर्ने विभागमा पिएच. डी. र एम. फिल. गरेका कम्तिमा ५ जना प्राध्यापक/सह प्राध्यापक/उप प्राध्यापक विज्ञहरू हुनु पर्नेछ । अन्तर विभागीय र अन्तर विश्वविद्यालयीय सहयोगमा पनि विज्ञ समूह बनाई साझा विषयको पठन पाठन गर्ने व्यवस्था गर्न सकिनेछ ।

(ग) एम. फिल. मा अध्ययन गर्ने शोधार्थी र अध्यापन गर्ने प्राध्यापकहरूले प्राज्ञिक अनुसंधान आचार (Academic research code of conduct) पालना गर्नु पर्नेछ ।

(घ) एम. फिल. को शोधार्थीको अनुसन्धान शोध निर्देशक विद्यावारिधी गरेको हुनु पर्नेछ । विद्यावारिधी गरेको शोध निर्देशक नभएको खण्डमा एम. फिल. उपाधि प्राप्त प्राध्यापक वा सह प्राध्यापक तहको शिक्षक हुनु पर्नेछ । उप प्राध्यापकको हकमा अनिवार्य पिएच. डी. गरेको हुनु पर्नेछ ।

(ङ) एक जना प्राध्यापक/सह प्राध्यापक/उप प्राध्यापकले एक पटकमा ८ जना भन्दा वढी शोधार्थीको शोध निर्देशन गर्न पाउने छैन ।

(च) कार्यक्रम सञ्चालन गर्न अप्ठ्यारो भएमा अन्तर विश्वविद्यालय सहयोग पनि लिन सकिनेछ ।

(छ) एम. फिल. को Online कक्षाको लागि सम्बन्धित विषयका कुनै विश्वविद्यालयमा कार्यरत वा अवकाश प्राप्त प्राध्यापक बाट अतिथी प्राध्यापकको रूपमा सहयोग लिन सकिनेछ ।

(ज) एम. फिल. कार्यक्रम सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको नियमित कार्यालय समय भन्दा अघिपछि व्यवस्थापन गरिनेछ ।

(झ) एम. फिल. कार्यक्रम विश्वविद्यालयको निजी श्रोतबाट सञ्चालित कार्यक्रमको रूपमा रहनेछ ।

## परिच्छेद ४

**एम. फिल. कार्यक्रमको सञ्चालन**

(क) एम. फिल. कार्यक्रम सम्बन्धित डीन कार्यालयको निर्देशन र अनुगमनमा विभागद्वारा गरिनेछ ।

(ख) एम. फिल. कार्यक्रम प्राज्ञिक संयोजन गर्न संयोजक तोकिए पनि सो कार्यक्रमको सम्पूर्ण जिम्मेवारी विभागीय प्रमुखले लिनु पर्नेछ ।

(ग) डीन कार्यालयले कार्यक्रमको समुचित सञ्चलान एवं गुणस्तरको अनुगमन गर्नेछ ।

(घ) Academic Writing र Research Methodology का लागि अन्तर विभागीय संयोजन गरि शिक्षक परिचालन गरिनेछ ।

## परिच्छेद ५

**खर्च न्यवस्थापन**

(क) एम. फिल. कार्यक्रम शोधार्थीको योगदानमा आधारित आन्तरिक श्रोतबाट सञ्चालित कार्यक्रम हुनेछ । तसर्थ यस कार्यक्रम सञ्चालनको लागि शोधार्थीबाट प्रति क्रेडिट आवर रू ४,५००/- शुल्क उठाइनेछ ।

(ख) एम. फिल. अध्यापन गर्ने शिक्षकलाई प्रतिघण्टा रू २,०००/- दिइनेछ ।

(ग) शोधार्थीको आन्तरिक मूल्याङ्कनको पोर्टफोलियो हेरे वापत शिक्षकलाई प्रति शोधार्थी एकमुष्ट रू ५००/- पारिश्रमिक दिइनेछ ।

(घ) अनुसन्धान निर्देशन गरे वापत शोध निर्देशकलाई रू १०,०००/- (प्रति अनुसन्धान) पारिश्रमिक दिइनेछ ।

(ङ) अनुसन्धान वाह्य परीक्षण गरे वापत वाह्य परीक्षकलाई रू ५,०००/- (प्रति अनुसन्धान) पारिश्रमिक दिइनेछ ।

(च) कुनै एक विषयमा एक सत्रमा वढीमा ३ जना विज्ञ वक्तालाई प्रस्तुतिका लागि रू ५,०००/- प्रति विज्ञ दिइनेछ ।

(छ) एम. फिल. कार्यक्रममा विश्वविद्यालयका कर्मचारीहरूलाई अतिरिक्त समय काममा लगाइनेछ । अतिरिक्त समय काममा लगाईएका कर्मचारीलाई सेसन चलेको दिन (बढीमा ४ घण्टा) निजको सुरू तलब स्केलको आधारमा प्रति घण्टाका दरले प्रशासन तर्फ १ जना, लेखा तर्फ १ जना र का. स. १ जना लाई काममा लगाए वापत अतिरिक्त तलब दिईने छ । निजहरूले एम. फिल. सम्बन्धि आर्थिक, प्रशासनिक एवं शैक्षिक कार्यहरू तोके अनुसार गर्नेछन् ।

(ज) एम. फिल. कार्यक्रम भएको विभागमा सो कार्यक्रमका लागि छुट्टै खाता सञ्चालन गर्न सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका रजिष्ट्रारले अनुमति दिने छन् ।

(झ) खाता सञ्चालन, खर्च न्यवस्थापन एवं लेखा, परीक्षण सम्बन्धि अन्य सम्पूर्ण कार्यहरू विश्वविद्यालय नियमानुसार हुनेछ ।

**बचाउः**

माथि उल्लेख भएका वाहेकका अन्य कार्यहरू सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको नियमानुसार गरिएको मानिने छ ।

**अनसूची १**

मूल्याङ्कन योजना र परीक्षा : पाठ्यभारको मूल्याङ्कन निरन्तर आन्तरिक मूल्याङ्कन र सत्रान्त परीक्षाको आधारमा हुने छ ।

निरन्तर आन्तरिक मूल्याङ्कन (Continuous internal assessment) ४०% हुने छ । त्यसको प्रक्रिया जस्तै (Term paper, Quiz, Presentation, Case study, Mid-Term, Sit in Exam) आदि प्राध्यापन गर्ने प्राध्यापकले तोके अनुसार हुने छ ।

सत्रान्त परीक्षाको भार ६० प्रतिशत हुने छ ।

थेसिसको मूल्याङ्कन मौखिक परीक्षाको आधारमा हुने छ।

एम. फिल. को सोध-प्रबन्ध बाहेक अन्य सबै कोर्षहरूको भार ३ क्रेडिटको हुने छ र प्रत्येक क्रेडिट कोर्षलाई १ घण्टाका दरले १६ हप्ता (१६*३=४८) घण्टा सम्म पढाइने छ ।

प्रत्येक कोर्षको अन्तिम ग्रेड अक्षर ग्रेडको रूपमा दिइने छ र अक्षर ग्रेडहरू निम्नानुसार हुनेछन् । A, A-, B+, B, B-, C+, C र F

एम.फिल को उपाधी प्राप्त गर्नको लागि कम्तीमा B ग्रेड ल्याउनु पर्ने छ ।

B ग्रेड ल्याउन असमर्थ विद्यार्थीलाई हरेक सत्रमा कम ग्रेड प्राप्त कुनै एक विषयमा ग्रेड सुधार (Make-up) परीक्षा दिन अनुमति दिइने छ।

जम्मा ग्रेड पोइन्ट (Cumulative grade point) ४ स्केलमा निम्नानुसार दिइने छ ।

| Letter Grades | Grade Points | Equivalent Numerical Grade Points | Performance Remarks |
|---|---|---|---|
| A | 4 | 90 and above | Distinction |
| A- | 3.7 | 85-89.9 | Very good |
| B+ | 3.3 | 80.84.9 | First Division |
| B | 3 | 75.79.9 | Second Division |
| B- | 2.7 | 70.74.9 | Pass in Individual Subject |
| C+ | 2.3 | 65.69.9 | Pass in Individual Subject |
| C | 2 | 60.64.9 | Pass in Individual Subject |
| F | 0 | below 60 | Fail |